# नेपाल धितोपत्र बोर्डको अध्यक्षको पदपूर्ति सम्वन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७६।०८।६ )**

**नेपाल धितोपत्र बोर्डमा** रिक्त **अध्यक्षको** पदमा नियुक्ति गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ७ बमोजिम सिफारिस गर्ने प्रयोजनको लागि गठित समितिले सो पदमा नियुक्तिका लागि खुल्ला प्रतियगिताद्वारा छनौट गरी सिफारिस गर्ने भएकाले देहायका न्यूनतम् शैक्षिक योग्यता र अनुभव हाँसिल गरेका इच्छुक योग्य नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले कार्यालय समयमा १५ दिन भित्र यस समितिको सचिवालय, अर्थ मन्त्रालयमा दरखास्त दिनुहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **न्यूनतम् शैक्षिक योग्यता, अनुभव, उमेर तथा अन्य मापदण्डः**

**१.१ न्यूनतम् शैक्षिक योग्यता र अनुभवः**

धितोपत्र सम्बन्धी ऐन, २०६३ मा उल्लेखित व्यवस्था समेतका आधारमा अध्यक्षको नियुक्त गर्नका लागि देहायका योग्यता र अनुभव भएका इच्छुक योग्य नेपाली नागरिकले आवेदन दिन सक्नेछन्।

**१.२ शैक्षिक योग्यताः**

मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी धितोपत्र वजार व्यवस्थापन पूँजीबजार विकास, आर्थिक, वित्तीय, वाणिज्य, व्यवस्थापन, वा कानून क्षेत्रमा कम्तिमा सात वर्ष काम गरेको लब्ध प्रतिष्ठित व्यक्ति,

**१.३ उमेरः**

अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) मा रहेको व्यवस्था बमोजिम ३० वर्ष पूरा भई ६५ बर्ष ननाघेको।

**१.४ अन्य मापदण्डः**

नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) ले तोके बमोजिम नियुक्तिको लागि देहायको अयोग्यता नभएकोः

क. गैर नेपाली नागरिक,

ख. भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषध कारोवार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तुसम्वन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

ग. प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

घ. कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

ङ. मानसिक सन्तुलन ठीक नभएको।

२. **दरखास्त साथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरु:**

२.१ शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना -इमेल, टेलिफोन, मोवाइल नम्वर, घर र कार्यालयको ठेगानासहितको विस्तृत बैयक्तिक विवरण (Bio-Data) को प्रत्येक पानाको अन्तमा उम्मेदवारले दस्तखत गरी पेश गर्नु पर्नेछ।

२.२ नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र तथा अनुभव पुस्ट्याँई गर्ने कागजातको प्रतिलिपि आवेदक स्वयंले प्रमाणित गरी दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

२.३ उम्मेदवारले आफ्नो दरखास्तसाथ ४ हजार शव्दमा नबढ्ने गरी तयार गरिएको नेपाल धितोपत्र बोर्ड सम्बन्धी कार्य योजना (Action Plan) चार प्रति पेश गर्नु पर्नेछ ।

**३. दरखास्तसाथ निम्न लिखित व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।**

३.१ कुनै राजनीतिक दलको सदस्य नभएको,

३.२ बोर्ड लगायत सार्वजनिक निकायको कुनै ठेक्का पट्टामा सम्झौता गरी वा नगरी काम गरिरहेको,

३.३ धितोपत्र वा वस्तु विनिमय वजारमा आफू वा आफ्नो परिवारको कुनै सदस्यको संलग्नता नभएको वा सो वजारसँग निजी स्वार्थ नरहेको,

३.४ आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकि नरहेको,

३.५ टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजायँ नपाएको एवं दामासहीमा नपरेको,

३.६ नियतबस बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानून बमोजिम कालीसूचीमा नपरेको,

३.७ धितोपत्र सम्बन्धी ऐन, २०६३ अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ (संशोधन) सहित बमोजिम योग्य भएको तथा बोर्डबाट जारी अन्य निर्देशन अनुसार अयोग्य नरहेको ।

**४. अध्यक्षको लागि तोकिएको कार्यक्षेत्रगत शर्तहरुः**

अध्यक्षको कार्यक्षेत्रगत शर्तहरु (TOR), धितोपत्र सम्बन्धी ऐन, बोर्डबाट जारी निर्देशनहरु, एवं अन्य निर्देशन र सञ्चालक समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

५. **अन्यः** थप जानकारीका लागि अर्थ मन्त्रालय र नेपाल धितोपत्र बोर्डको वेब साइटमा नेपाल धितोपत्र बोर्डको अध्यक्षको सिफारिस सम्वन्धी कार्यविधि, २०७६ प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ।